# आदिवासी जनजाति: सतार / सन्थाल

अति सिमान्तिकृत समूह

संस्थाः नेपाल सन्थाल आदिवासी उत्थान संघ, उर्लावारी-४, मोरङ

पूर्वी तराईको झापा र मोरङ जिल्लामा सन्थाल जातिको मुख्य बसोबास क्षेत्र मानिन्छ ।वि.सं.२०६८ को जनगणना अनुसार सन्थाल जातिको कूल जनसंख्या नेपालमा ५१,७३५ रहेको छ ।यस जातिलाई नेपालमा सतार जाति भनेर पनि चिनिन्छ । बुद्धिजीवी र बूढापाकाहरुको भनाई अनुसार सतारको शाब्दिक अर्थ सतमा बस्ने, सफा सुग्घर र कर्मठ हुन्छ । यी समुदाय सात समुद्र पार गरेर आएको हुनाले पनि सतार भनिएको हो । सन्थालहरु आफुले आफैलाई "होर" भन्छन ।होरको अर्थ मान्छे भन्ने हुन्छ । सन्थाल नामाकरण पहिले उनीहरुलाई करवर भनिन्थ्यो ।करवर शब्दको मूल शब्द रवर सबै सन्थालले पर्योग गर्ने होर शब्दको पर्यायवाची शब्द हो । सन्थालहरु लामो समयसम्म सवन्तमा बसोबास गरेको हुनाले उनीहरु करवरबाट सन्थाल भनिन गरयो । सन्थालहरुको वूना, मण्डल, मन्झी, प्रधान र सरदार आदी उपाधि हुन्छन् ।(सिङ१९९४) तर नेपालको सन्थाल समुदायमा यस्तो उपाधि प्रयोगमा छैन ।

भाषाः सन्थालीहरुको मातृभाषालाई सन्थाली भाषा भनिन्छ । सन्थाली बाषा अष्ट्रो एशिआटिक उप परिवारको मुण्डा भाषा समुह अन्तर्गतको खेरवरियन समुहमा पर्छ । वि.सं.२०६८ को जनगणना अनुसार यस समुदायमा मातृभाषा बोल्नेको संख्या ४९,८५८ रहेको छ । सन्थाली भाषाको परम्परागत लिपि छैन । तर हाल अलचिकि लिपिलाई सन्थालहरुको आधिकारिक लिपिको रुपमा विकास गर्ने प्रयत्न गरिएको छ ।

भेषभुषाः सन्थालहरुको पुरुषको पहिरनमा लुंगी पन्ची, कमिज लगाउछन र टाउकोमा गाम्छा बाँध्दछन् । यिनीहरुको पन्ची चम्किला, पच्छेदार र विभिन्न धागोले बनाएको रंगीविरंगी फुल, हात्ति, घोडा, मयुरका बुट्टाहरु भएका हुन्छन् । महिलाहरु पन्ची, पाड्हान्ड र चोलो लगाउनुको साथै सुन चाँदीका गहनाहरु लगाउँदछन् । गहनाहरुमा मकडी (फुली), चुडी, शङ्ख (बाला), खाग (वाजु), वाक(कल्ली), हछसली, सिक्री, माला, झिन हिरपीन, पगरा आदि लगाउँछन् । (पन्त २०४१) सन्थाल महिलाहरु कपाललाई कोरेर टाउको पछाडि डल्लो बनाएर बाध्ने गर्दछन् । महिलाहरु गहनाको रुपमा आफ्नो छाति र दुवै हातको पाखुरामा देखिने गरी कलात्मक बुट्टाहरु भर्ने परम्परा छ । जसलाई खोदा भनिन्छ । खोदा शरीरको अन्य भागहरु अनुहार, खुट्टा, ढाड आदीमा पनि गरिन्छ ।

पेशाः सन्थाल जातिको परम्परागत पेशा कृषि हो । उनीहरु कृषिको साथ साथै शिकार खेल्ने, माछा मार्ने, जंगली कन्दमुल संकलन गर्ने र ज्याला मजदुरी गर्ने गर्दछन् ।

झापा जिल्लामा सन्थाल जाति भएको गाविसहरु शरनामति, कुमारखोत, महेशपुर, कोरोवारी, गरामुनी, टागनडुवा, ज्यामिरगडी, जलथल, धैलाडुवा, सुरुङा, हल्दीवारी, चकचकी, चन्द्रगडी, चारपाने, दङीबारी र शिवगञ्ज हुन् । त्यसै गरी सन्थालहरु मोरङ जिल्लामा भातिगञ्ज, मझारे, दखेशा, होक्लावारी, बर्दियाविर्ता, शिस्वनी, जहडा, गोबिन्दपुर, वरडागा र अमरदह गाविसमा बसोबास गर्छन ।यिनीहरु नेपाल बाहेक भारत, अण्डमान निकोबार द्विप, बंगलादेश, भूटान, पाकिस्तान र मौरिशसमा पनि बसोबास गरेको पाइन्छ ।मानवशास्त्री डिल्लीराम दाहाल (१९८३) अनुसार सन्थालहरु नेपालको पुर्वी रताईमा विहार रज्यमा अवस्थित सन्थाल पारगानको दुम्का जिल्लाबाट झण्डै छ सात दशक अघि नेपाल प्रवेश गरेको अनुमान रहेको छ । नेपालमा बसोबास गरेता पनि उनीहरुको भारतमा नातागोता र विवाहवारी सम्बन्ध रही आई रहेको पाइन्छ ।

सन्थालहरु १२ वटा थर र थुप्रै उपथरहरुमा बिभाजन भएको पाइन्छ । (सिंह १९९४) सन्थाली भाषामा थरलाई परिस र उपथरलाई खन्ड भनिन्छ ।सन्थाल जातिमा पाइने थरहरु हाँस्दक, मुर्मु, किस्कु, हेम्ब्रम, मर्डी, सोरेन, टुडु, वास्के, बेस्रा, पौरिया, चोणे र वेदिया हुन् । परम्परागत मान्यता अनुसार किस्कु, मुर्मु, सोरेन र मर्डी क्रमशः राजा, पुजारी, सैनिक र किसानका थरहरु हुन् । त्यसै गरी बास्के, टुडु र वेस्राको पुर्खाहरुलाई भान्से, बाजा बजाउने र नाच गान गर्ने पेशा सँग सम्बन्धित भएको मानिन्छ ।

बसोबासः सन्थालहरुको पुरानो गाउँहरु प्राय जसो खोला/नदीको आसपासमा अवस्थिर छन् । उनीहरु आफु बसोबास गरेको गाउँलाई आतु भन्छ । सन्थालहरु आफ्नो घर वरिपरि र खेतबारीमा खजुर र तोरिको बोट रोप्ने गर्छन् । सन्थालहरु मुख्य घरलाई ओडाक भन्छन् । सन्थाल समुदायमा प्रचलित परम्परागत घर एक तले दुई तिर छाना भएको माटो, बाँस, पराल जस्ता स्थानीय कच्चा सामग्री प्रयोग गरेर बनाइएको हुन्छ । घरको भुइ जमिन भन्दा माथि माटो उठाएर तयार परिन्छ । उनीहरु आफ्नो घरको भुई, दलिन र आठा परालको खरानी र गोबर मिसाएर हल्का कालो रङ्ग बनाइ लिप्ने गर्दछन् ।

सामाजिक संरचनाः सन्थाल समुदाय परम्परागत रुपमा पितृसतात्मक संयुक्त परिवारमा बस्ने गरिएको पाइन्छ । सन्थाल समुदायमा परम्परागत मन्झी पारगाना न्याय प्रणाली परिवार भन्दा एक तह माथिको संरचना रहेको हुन्छ । गाउँको मन्झी पारगानामा पाँच प्रमुख र दुई सहयोगी सर्वसम्मतिबाट निर्णय गरी नियुक्त गर्दछन् ।(१) मन्झीः गाउँको सबै महत्वपूर्ण घटनाहरु मन्झी (गाउँ प्रमुख) मार्फत सुचारु गरिन्छ । (२) प्रणीकः मन्झीको अनुपस्थिरिमा प्रणीकले मन्झीको भुमिका निर्वाह गर्दछ ।(३) जगमन्झीः परम्परागत आचारसहितालाई युवाहरु माझ जीवन्त राख्न जगमन्झीको मुख्य दायित्व हो ।(४) जग प्रणीकः जगप्रणीकले प्राणीकको सहयोगीको भुमिका खेल्दछन् ।(५) नायकीः नायकीले गाउँको धार्मिक संस्कार पर्वहरुमा पुजारीको भुमिका निर्वाह गर्दछ । (६) कुडोमनायकीः नायकीको सहयोगीको रुपमा कुडोमनायकी रहन्छ ।(७) जुडितः गुडितले मुख्यत गाउँलेहरुको माझमा सुचना सम्प्रेषणको काम गर्दछ । (८) लबीर बैशीः यसलाई सन्थालहरुले कुनै पनि मुद्दा फैसला गर्ने सर्वोच्च बैशी(सभाको) रुपमा मान्दछन्।

धर्म र संस्कृतिः सन्थालहरुको मौलिक धर्म संस्कार भएता पनि यिनीहरु परम्परागत हिन्दु ध्रम संस्कृति अन्तर्गत विभिन्न हिन्दु देवी देवताहरु मान्दै आएको पाइन्छ । परम्परगत धार्मिक संस्कार मान्ने सन्थालहरु हाप्डामपुथीलाई मौलिक धर्म ग्रन्थ र आफ्नो धार्मिक परम्परालाई विदिन भनेर दावी गर्छन । नेपाल सन्थाल आदिवासी उत्थान संघले औपचारिक रुपमा सन्थाल समुदायको धर्मलाई सरना भनी पैरवी गर्दै आइरहेको पाइन्छ । सन्थाली भाषामा सालको रुखलाई सारजाम भनिन्छ ।

प्रमुख चाडपर्व र रितिथितीः सन्थालहरुको चाडपर्व सामन्यत खेतीपातीको वार्षिक समयक्रम अनुकूल पर्दछ । सन्थालहरु परम्परागत चाडपर्वहरुको विभिन्न देवीदेउताको पुजाआजा गर्दछन् ।सन्थालहरुको मुख्य चाडपर्वहरु एराके, हुडुरहय, राकाव, इरी गुद्रली नवोय, जान्थाड (नबोय) माग सिम, बाहाँ, सोहराय, उम, दकाई, खुन्सेव जाली, सकरात आदी हुन्।

नृत्य र लोक संगीतः यिनीहरुको चाडपर्व अनुसार फरक फरक नाचगान हुन्छ । सन्थालका दोङ, लाग्डे, बाहा, सोहराय, दुरुम्जा, डाहार, झिक्अ, गुल्बारी, दसाय, भिन्सौर, गुजार, मेरा काराम, डान्टा एनेच, रिजा मात्वार, नःटवो दन, गाउना इत्यादी नृत्य संगीतहरु हुन् ।नृत्य संगीतको लागी तम्दा(माटोको भाँडा र छालाले बनेको, हातले बजाउने लामो खालको मादल जस्तो), टामाक (तबला आकारको २ वटा डण्डीले बजाउने र टिनको भाँडामा छालाले मोडेको), कुरताल (झ्याम्टा), तिरियो (बाँसुरी), किनदरी, बनाम(सारङ्गी जस्तो), पेक बनाम, झुमुर, लिपुर, ढोल, मान्दान मेड, हारमोनियम इत्यादी बाजाहरु हुन्छन् ।